# अनलाइन सूचीकरण सम्बन्धी मापदण्ड, २०७८

१. **पृष्ठभूमि :**

प्रेस काउन्सिल नेपालले सञ्चार माध्यमको रूपमा सञ्चालन हुने अनलाइनलाई व्यवस्थित गर्दै जाने उद्देश्यका साथ २०७० साउन १६ गते सार्वजनिक सूचना प्रकाशित गरी अनलाइन सूचीकरण प्रारम्भ गरेको हो । यसैक्रममा नेपाल सरकारले २०७३ चैत ७ गतेबाट लागु हुने गरी अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका जारी गरी कार्यान्वयन हुँदै आएको छ । अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका-२०७३ (पहिलो संशोधन, २०७४) मा अनलाइन सञ्चार माध्यम सूचना तथा प्रसारण विभागमा दर्ता हुने र पत्रकार आचारसंहिता पालना गरे/नगरेको, भए/नभएको सम्बन्धमा अनुगमन र निरीक्षण एवम् अभिलेखीकरण काउन्सिलले गर्ने व्यवस्था बमोजिम हाल सूचीकरण हुँदै आएको छ । प्रचलित कानुनमा व्यवस्था भएअनुसार अनलाइन सूचीकरणसम्बन्धी कार्यलाई स्पष्ट, सरल र प्रभावकारी बनाउन यो मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । यो मापदण्ड प्रेस काउन्सिलले स्वीकृत गरी सार्वजनिक सूचना जारी गरेको मितिदेखि लागु हुनेछ ।

२. **अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण तथा अनुगमनका व्यवस्था :**

अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका-२०७३ (पहिलो संशोधन, २०७४) को दफा १४ मा "पत्रकार आचारसंहिता पालना गर्नुपर्ने : अनलाइन सञ्चार माध्यम सञ्चालन गर्ने सञ्चालक, सम्पादक र पत्रकारले प्रचलित कानुन तथा काउन्सिलद्वारा जारी पत्रकार आचारसंहिता पालना गर्नु पर्नेछ", परिच्छेद-५ अनुगमनसम्बन्धी व्यवस्थाअन्तर्गत दफा १५ (१) मा "निर्देशिका बमोजिम दर्ता भएका अनलाइन सञ्चार माध्यमको अभिलेख काउन्सिलले राख्नु पर्नेछ", दफा १६(२) मा "अनलाइन सञ्चार माध्यमले पत्रकार आचारसंहिता पालना गरे नगरेको सम्बन्धमा काउन्सिलले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ । अनुगमन तथा निरीक्षण गर्दा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित अनलाइन सञ्चार माध्यमका सञ्चालक, सम्पादक, प्रकाशक वा संस्थाको कर्तव्य हुनेछ ।" भन्ने व्यवस्था रहेको छ ।

३. **सूचीकरणका लागि आवश्यक प्रकिया र कागजातहरू**

अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा १५(१) र १६(२) को व्यवस्थाअनुसार काउन्सिलले सूचीकरण गर्दै आइरहेको छ । प्रेस काउन्सिल नेपालमा सूचीकरणका लागि दरखास्त दिँदा देहायबमोजिम कागजात संलग्न गर्नुपर्नेछ :-

**<u>कम्पनी सञ्चालकको हकमा</u>**

क) कम्पनीको लेटरप्याडमा अनलाइन सूचीकरण गरी प्रमाणपत्र उपलब्ध गराइ पाऊँ भनी अङ्ग्रेजीमा डोमेन नाम स्पष्ट उल्लेख गरी निवेदन ।

ख) काउन्सिलको साइटबाट अनलाइन सूचीकरण फाराम डाउनलोड गरी सञ्चालकको फोटो टाँसी सम्पूर्ण विवरण भरी पेस गर्ने ।

ग) सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाणत्रको प्रतिलिपि

घ) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि

ङ) प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

च) सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

छ) सम्पादक नियुक्तिको प्रतिलिपि र सम्पादकको नागरिकताको प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रको प्रतिलिपि

ज) कम्पनी प्रबन्धपत्रको प्रतिलिपि (प्रबन्धपत्रमा 'अनलाइन मिडिया सञ्चालन गर्ने' सम्बन्धी उद्देश्य समावेश भएको हुनुपर्ने)

झ) कम्पनी नियमावलीको प्रतिलिपि

ञ) सञ्चालन हुने अनलाइनको Domain Name उल्लेख गरिएको कम्पनीको बोर्ड बठैकको माइन्यूटको प्रतिलिपि (जसमा Domain Name अङ्ग्रेजीमा खुलाइ उक्त अनलाइनलाई प्रेस काउन्सिल नेपालमा सूचीकरण गर्ने र सूचना तथा प्रसारण विभागमा दर्ता गर्ने भनी निर्णय भएको हुनुपर्ने)

ट) Domain को Who is Who Record मा प्रस्तावित Domain को सञ्चालक संस्था, सञ्चालकको नाम, ठेगाना तथा सम्पर्क, नम्बर र इमेल उल्लेख भइ सोको प्रतिलिपि समावेश भएको हुनुपर्ने ।

ठ) माथिका सम्पूर्ण कागजात रेकर्ड फाइलमा राखी पेस गर्ने ।

**<u>पत्रिकाको नामबाट अनलाइन संस्करणको रूपमा अनलाइन सञ्चालन गर्नेको हकमा</u>**

क) पत्रिकाको लेटरप्याडमा अनलाइन सूचीकरण गरी प्रमाणपत्र उपलब्ध गराइपाऊँ भनी अङ्ग्रेजीमा डोमेन नाम स्पष्ट उल्लेख गरी निवेदन ।

ख) काउन्सिलको वेबसाइटबाट अनलाइन सूचीकरण फाराम डाउनलोड गरी सञ्चालकको फोटो टाँसी सम्पूर्ण विवरण भरी पेस गर्ने ।

ग) सूचना तथा प्रसारण विभाग वा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाणत्रको प्रतिलिपि

घ) पत्रिका दर्ता प्रमाणपत्रको प्रतिलिपि

ङ) प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

च) प्रकाशकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

छ) सम्पादक नियुक्तिको प्रतिलिपि र सम्पादकको नागरिकताको प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रको प्रतिलिपि

ज) Domain को Who is Who Record मा प्रस्तावित Domain को सञ्चालक संस्था, सञ्चालकको नाम, ठेगाना तथा सम्पर्क नम्बर र इमेल उल्लेख भइ सोको प्रतिलिपि समावेश भएको हुनुपर्ने ।

झ) माथिका सम्पूर्ण कागजात रेकर्ड फाइलमा राखी पेस गर्ने ।

सूचीकरणको पत्र एवम् प्रमाणपत्र प्रदान गर्नुपूर्व प्रेस काउन्सिल नेपालले सञ्चालन गरेको पत्रकार आचारसंहितासम्बन्धी अभिमुखीकरण प्रशिक्षण प्राप्त गरेको हुनुपर्नेछ ।

**४. अनलाइन सूचीकरण फाराम**

अनलाइन सञ्चार माध्यम सूचीकरण फाराम अनुसूची १ मा उल्लेख भएबमोजिम हुनेछ ।

५. **मिल्दाजुल्दा नाममा अनलाइन सूचीकरण :**

दर्ता भइ सूचीकरण हुन आउने अनलाइनहरू प्रायः मिल्दाजुल्दा नाम, दर्ता भइ सञ्चालन भइसकेका अनलाइनलाई आधार बनाइ सोसँग मिल्दाजुल्दा नाममा डोमेन र मिडिया दर्ता गराइ काउन्सिलमा सूचीकरण हुन आउने प्रचलन बढेकाले अभिलेख, नियमन एवम् अनुगमनमा समेत कठिनाइ हुने गरेको छ । यस विषयमा मिति २०७८।४।१८ गतेको आचारसंहिता अनुगमन उपसमितिको बैठकमा छलफल हुँदा "दर्ता भइ सञ्चालन भइसकेका अनलाइनलाई आधार बनाइ अगाडि वा पछाडि अङ्क, अक्षर तथा शब्द जोडी वा हटाइ डोमेन दर्ता/मिडिया दर्ता गराइ मिल्दोजुल्दो मासहेड, लोगो र मिल्दोजुल्दो नाम (Domain Name) लिएर सूचीकरण हुन आएमा त्यस्ता न्युजपोर्टललाई सूचीकरण नगर्ने व्यवस्था गर्ने र त्यस्ता अनलाइन दर्ता समेत नगर्ने व्यवस्थाका लागि सूचना तथा प्रसारण विभागलाई लेखी पठाउने" र "यस विषयलाई समेटेर सूचना जारी गर्ने" प्रेस काउन्सिलबाट समेत मिति २०७८।५।२३ को निर्णयबमोजिम सूचना जारी भएको र त्यसको कार्यन्वयनका लागि देहायबमोजिम मापदण्ड बनाइएको छ ।

क) **देहायका प्रकृतिका वेबपोर्टल/न्युजपोर्टल सूचीकरण नगरिने :**

| क.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | काउन्सिलमा पूर्ववतः सूचीकरण भएको अनलाइन अगाडि वा पछाडि वा बिचमा कुनै अङ्क, अक्षर, शब्द जोडी वा घटाइ डोमेन दर्ता सूचीकरणमा आएमा सूचीकरण नगरिने । उदाहरणको लागि<br>क) 'ghorahikhabar.com' पहिला सूचीकरण भएको रहेछ भने 'eghorahikhabar.com' वा 'ghorahikhabar1.com' लिएर आएमा वा 'eghorahikhabar.com' पहिला रहेछ भने 'ghorahikhabar.com' लिएर आएमा सूचीकरण नगरिने । यदि palpasandesh.com पहिला रहेछ भने palpasandeshnews.com लिएर आएमा पनि सूचीकरण नगरिने ।<br>ख) 'www.khulanews.com' सूचीकरण भएको अवस्थामा 'www.khullanews.com' लिएर आएमा, aajakhabar.com सूचीकरण भएको अवस्थामा aajakokhabar.com लिएर आएमा, xpresskhabar सूचीकरण भएको अवस्थामा expresskhabar.com, nepalipost.com सूचीकरण भएको अवस्थामा thenepalipost.com सूचीकरण नगरिने । | |
| २ | कुनै एउटा शब्दलाई अगाडि/पछाडि गरी सूचीकरणको लागि डोमेन लिएर आएमा सूचीकरण नगरिने<br>उदाहरणको लागि 'onlinevoice.com, भएकोमा www.voiceonline.com आएमा वा www.newskavre.com सूचीकरण भइसकेको अवस्थामा kavrenews.com लिएर आएमा | |
| ३ | उच्चारणमा एउटै तर हिज्जेमा फरक देखिने<br>उदाहरण : pradeshkhabar.com वा pradeskhabar.com, drishtikhabar.com वा dristikhabar.com वा onlineaawaj.com वा onlineawaj.com लिएर आएमा | |
| ४ | .com, .org, .net, .news अन्तर्गत रही कुनै न्युजपोर्टल सूचीकरण भइसकेको तर पछि अन्य कुनै सञ्चालकबाट सोही नाममा .com.np, .org.np, .net.np,.news.np सूचीकरण गरिपाऊँ भनी निवेदन आएको अवस्थामा सूचीकरण नगरिने ।<br>**उदाहरण** :www.xyz.com सूचीकरण भएको अवस्थामा अर्कै सञ्चालकबाट www.xyz.com.np लिएर आएमा | |

तर, नियमानुसार दर्ता गरी प्रकाशन/सञ्चालन भइ वर्गीकरणमा समेत परिसकेका पत्रपत्रिकाहरूको हकमा पत्रिकाको नामसँग मिल्ने गरी पहिला नै कसैले सूचीकरण गरिसकेको अवस्थामा पत्रिकासँग मिल्दोजुल्दो नाम लिएर पत्रिकाको नाममा अनलाइन संस्करणको रूपमा सञ्चालन गर्ने गरी सूचीकरण हुन आएमा सूचीकरण गरिने । उदाहरणको लागि : हिमचुली सन्देश दैनिक पत्रिका प्रकाशन भइरहेको अवस्थामा अर्कै संस्था सञ्चालक रहनेगरी himchulisandesh काउन्सिलमा सूचीकरण भएकोमा पत्रिका प्रकाशकबाट ehimchulisandesh.com वा himchulisandeshnews.com, वा himchulisandeshdaily.com जस्ता पत्रिकाको अनलाइन संस्करणको नाममा सूचीकरण प्रस्ताव गरि आएमा सूचीकरण गरिनेछ ।

**६. गैरसरकारी संस्था तथा सहकारी संस्था सञ्चालक भएको अनलाइन सूचीकरण नगर्ने**

सामान्यतः अनलाइन सञ्चार माध्यम सूचीकरणका लागि कम्पनी ऐनअन्तर्गत दर्ता भएको कम्पनी मिडिया सञ्चालकको रूपमा रही आएमा सूचीकरण गरिनेछ । बहुउद्देश्य राखी दर्ता भएका गैरसरकारी संस्था र आर्थिक कारोबारको उद्देश्यसहित दर्ता भएको सहकारी संस्था सञ्चालक रहेको अनलाइन मिडिया सूचीकरण गरिने छैन । संस्थाको विधानमा स्पष्टरूपमा 'पत्रकारिता गर्ने' उद्देश्य राखी सञ्चालित गैरसरकारी संस्था र सञ्चार सहकारीको हकमा सूचीकरण गर्न बाधा पर्ने छैन । यससम्बन्धी विवाद परेमा प्रेस काउन्सिल बोर्डले अन्तिम निर्णय लिनेछ ।

**७. नेपालभित्र सम्प्रेषण हुन नसक्ने गरी कारबाही भएका साइटको सूचीकरण**

अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा ३(४) अनुसार दर्ता नभइ अनलाइन सञ्चार माध्यम सञ्चालन गर्न पाइने छैन । नियमानुसार दर्ता एवम् सूचीकरण नभइ सञ्चालनमा रहेका वेबपोर्टलबाट अश्लील, अफवाहपूर्ण, गलत, भ्रमपूर्ण एवम्. ऐन, नियम, कानुन, आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण भएको अनुगमनबाट देखेर प्रेस काउन्सिल नेपालबाट नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्थाका लागि पत्राचार भइ नेपालभित्र सम्प्रेषण हुन नसक्ने भएका साइटहरूको हकमा देहायको प्रक्रिया पूरा गरी सूचीकरण हुन आएमा मात्र सूचीकरण गरिनेछ ।

क) काउन्सिसलले तोकेका सम्पूर्ण कागजातसहितको निवेदन
ख) सूचना तथा प्रसारण विभागको दर्ता प्रमाणपत्रको प्रतिलिपि
ग) अब उप्रान्त आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण नगर्ने भनी प्रतिबद्धतापत्र

तोकेबमोजिमको कागजातसहितको निवेदनको अध्ययन गरी प्रविधि, अभिलेख तथा प्रेस समन्वय शाखाले तोकिएको सम्पूर्ण कागजात एवम् प्रक्रिया पूरा भए नभएको परीक्षण गरी/गराई सूचीकरण गराउने व्यवस्था गर्नेछ । सूचीकरणको पत्र वा प्रमाणपत्र तोकिएबमोजिमको प्रक्रिया पूरा भएपश्चात प्रदान गरिनेछ । सूचीकरण भइसकेपश्चात् प्रविधि अभिलेख शाखाबाट प्रेस काउन्सिलको सूचीकरण पत्र वा सूचीकरणको प्रमाणपत्रको प्रतिलिपि, सूचना तथा प्रसारण विभागको दर्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदकको प्रतिबद्धतासहित आचारसंहिता अनुगमन शाखालाई जानकारी गराएपश्चात् शाखाबाट नेपाल दूरसञ्चार प्राधिकरणलाई सम्प्रेषण हुन सक्ने व्यवस्थाका लागि पत्राचार गरिनेछ । सोको प्रतिवेदन आचारसंहिता अनुगमन उपसमितिमा पेस गरिनेछ । एकपटक नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्था भएका पोर्टलको विशेष अनुगमन हुनेछ ।

**८. सूचीकरण/दर्तापूर्व प्रेस काउन्सिलबाट नाम मिल्ने नमिल्ने परीक्षण गर्न सकिने**

सूचना तथा प्रसारण विभागमा दर्ता हुनुपूर्व दर्ता गर्ने सम्बन्धमा साथै प्रेस काउन्सिल नेपालमा सूचीकरण हुनसक्ने व्यवस्थाको सुनिश्चितताका लागि प्रेस काउन्सिल नेपालले सम्बन्धित निकायसँग समन्वय गर्नेछ । र प्रेस काउन्सिल नेपालको वेबसाइटमार्फत उक्त वेबपोर्टल सूचीकरण गर्न मिल्ने/नमिल्ने परीक्षण गर्न सकिनेछ ।

**९. सूचीकरणपश्चात् अभिमुखीकरण**

अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी व्यावसायिकतामा आधारित प्रेस तथा सञ्चार क्षेत्रको रूपान्तरणका लागि प्रेस काउन्सिलले आवश्यक व्यवस्था गर्न सम्मानित सर्वोच्च अदालतको रिट नं. 069-CR-1074 अदालतको अपहेलनासम्बन्धी मुद्दामा २०७७ माघ ३ गते फैसला भइ लेखि आएको विषय समेतलाई ध्यान दिइ अनलाइन सञ्चार माध्यमको सूचीकरणका लागि आउने अनलाइन सञ्चार माध्यमसहित अन्य सञ्चार माध्यमका प्रकाशक/सम्पादकहरूलाई पत्रकार आचारसंहिता, महिला उत्तरदायी सञ्चार निर्देशिका, बालमैत्री सञ्चार निर्देशिका, अपाङ्गतामैत्री सञ्चार निर्देशिकालगायतबारे अभिमुखीकरण गरिनेछ । पत्रकार आचारसंहिता अभिमुखीकरण तथा सन्दर्भ सामग्रीबापत अनलाइन सूचीकरणका लागि आवेदन गर्दा रु. ३,०००।- शुल्क लाग्ने छ । पत्रकार आचारसंहिताविपरीत सामग्री सम्प्रेषण गरेबापत नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्थाका लागि दूरसञ्चार प्राधिकरणलाई सिफारिस भइ नेपालभित्र सम्प्रेषण नहुने भएका तर पछि नियमानुसार दर्ता सूचीकरणको प्रक्रिया पूरा गरी सूचीकरण हुन आएको अवस्थामा त्यस्ता वेबपोर्टलको हकमा रु. ५,०००।- प्रशिक्षण/अभिमुखीकरण/सन्दर्भ सामग्रीबापतको शुल्क लाग्नेछ । अभिमुखिकरणको लागि विषयविज्ञहरुको सूची तयार गरिने र सो सूचीबाट छनोट गरि प्रशिक्षण दिइनेछ ।

**१०. सूचीकरणको प्रमाणपत्र**

अनलाइन सञ्चार माध्यम सूचीकरणको दरखास्त पर्न आएमा काउन्सिलले त्यस्तो दरखास्तउपर आवश्यक जाँचबुझ गर्दा मनासिब देखेमा सूचीकरण गर्नेछ । अनलाइन सूचीकरण गरी पत्रकार आचारसंहिता अभिमुखीकरण/प्रशिक्षण दिएपश्चात्मात्र अनुसूची-२ बमोजिमको ढाँचामा सूचीकरण प्रमाणपत्र उपलब्ध गराइनेछ । तर पत्रकार आचारसंहिताविपरीत सामग्री सम्प्रेषण गरेबापत नेपालभित्र सम्प्रेषण हुन नसक्ने व्यवस्थाका लागि दूरसञ्चार प्राधिकरणलाई  सिफारिस भइ नेपालभित्र सम्प्रेषण नहुने भएका तर पछि नियमानुसार दर्ता सूचीकरणको प्रक्रिया पूरा गरी सूचीकरण हुन आएको अवस्थामा त्यस्ता वेबपोर्टललाई तोकिएको समयपश्चात् प्रशिक्षण/अभिमुखीकरण लिइसकेपछि सूचीकरणको प्रमाणपत्र उपलब्ध गराइनेछ ।

**११. सूचीकरण अद्यावधिक गर्नुपर्ने**

अनलाइन सञ्चार माध्यमले हरेक वर्ष, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आफ्नो न्युजपोर्टलको सूचीकरण अद्यावधिक गर्नुपर्नेछ । सूचीकरण अद्यावधिक गर्दा सूचना तथा प्रसारण विभागमा विवरण अद्यावधिक गरेको कागजातसमेत संलग्न गर्नुपर्नेछ ।

**१२ मिडियामार्फत सामाजिक सञ्जालको प्रयोग**

अनलाइन सञ्चार माध्यमले सूचीकरण अनुमति लिनुपूर्व सूचीकरण फाराममै के/कस्तो नाममा सामाजिक सञ्जाल (युट्युब, फेसबुक पेज, ट्वीटर आदि) सञ्चालन हुनेछ, उक्त कुरा उल्लेख गरेको हुनुपर्नेछ । सञ्चालित सामाजिक सञ्जाल र न्युजपोर्टलको सम्बद्धता वेबपोर्टलमा राखिएको हुनुपर्नेछ । प्रारम्भमा उक्त कुरा उल्लेख भएको छैन भने सामाजिक सञ्जाल प्रयोग भएको मानिने छैन र पछि सामाजिक सञ्जाल प्रयोग गरिएको बारे जानकारी गराइ आफ्नो फाइल अद्यावधिक गर्नुपर्नेछ । सामान्यतः सञ्चालित अनलाइनसँग सामाजिक सञ्जालको नाम मिल्नुपर्दछ ।

**१३. सञ्चार माध्यमको कार्यालय, सम्पर्क ठेगाना र विवरण स्पष्ट राख्नुपर्ने**

अनलाइन सञ्चार माध्यमले कार्यालय स्थापना गरेको हुनुपर्नेछ । काउन्सिलले सञ्चार माध्यमको कार्यालयको समेत अनुगमन गर्न सक्नेछ । अनलाइन सञ्चार माध्यमले न्युजपोर्टलको मुख्य पृष्ठमा कार्यालय ठेगाना, सञ्चालकको नाम, ठेगाना, सम्पर्क नंम्बर, इमेल, सञ्चालक तथा सम्पादकको नाम, सूचना तथा प्रसारण

विभागको दर्ता नम्बर तथा आर्थिक वर्ष, प्रेस काउन्सिल नेपालको सूचीकरण नं. तथा आर्थिक वर्ष स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

१४. **जानकारी दिनु पर्ने** : सूचीकरण भइ सञ्चालन भएका अनलाइन सञ्चार माध्यम कुनै कारणले बन्द भएमा वा सञ्चालन हुन नसकेमा त्यसको विवरण प्रेस काउन्सिल नेपालमा पेस गरी अनिवार्य अद्यावधिक गर्नुपर्नेछ ।

१५. **सूचीकरणबाट हटाउन सकिने** : सूचीकरण भएका तर सञ्चालन नभएका देहायका अवस्थाका साइटलाई सूचीकरणबाट हटाउन सकिनेछ । हटाउनुपूर्व काउन्सिलको वेबसाइटमार्फत ७ दिनको सूचना जारी गर्ने र सम्बन्धित संस्थालाई जानकारी दिइनेछ ।

क) सूचीकरण भएको अनलाइनको Domain Expire भएको पाइएमा

ख) साइट ह्याक भइ वा कुनै पनि किसिमबाट पोर्नोग्राफी सामग्री भएको तर सञ्चालकबाट त्यसतर्फ कुनै चासो नदेखाइ वा सजगता नअपनाइ वेवास्ता गरेको पाइएमा

ग) Domain Expire भइ अर्कै व्यक्ति वा संस्थाले त्यही Domain दर्ता गरेर सूचीकरण हुन आएको अवस्थामा । तर पूर्ववतः दर्ता गर्ने संस्थालाई सोबारे जानकारी गराइनेछ ।

१६. **बाधा अड्काउ फुकाउ तथा संशोधन**

यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा उक्त बाधा अड्काउ फुकाउन, व्याख्या गर्न एवम् संशोधन गर्नुपर्दा आचारसंहिता अनुगमन उपसमितिको सिफारिसमा प्रेस काउन्सिल बोर्डले गर्न सक्नेछ ।